# तपाईंलाई निमन्त्रणा छ:
# *FP&M Physical Plant*
# को सहायक उपकुलपति उम्मेदवारहरूको प्रस्तुति

कार्यपदको लागि अन्तिम उम्मेदवारहरू पहिचान गरिएको छ र हरेक उम्मेदवारहरू अन्तर्वार्ताको लागि एक दिन शहरमा हुनेछन् ।

**व्यक्तिगत रूपको सार्वजनिक प्रस्तुति र प्रश्नोत्तर बैठकहरूमा उम्मेदवारहरूबाट सुन्न तपाईंलाई निमन्त्रणा पठाइएको छ ।** प्रस्तुतिहरू पछि उम्मेदवारहरू प्रतिको प्रतिक्रिया पेश गर्ने अवसर तपाईंले पाउनुहुनेछ ।

## सार्वजनिक प्रस्तुतिहरू

**फेब्रुअरी १५** | **फेब्रुअरी २९** | **मार्च ४**

**मा दिउँसो 1:30 बजे** **Gordon Dining & Event Center को दोस्रो तल्लामा आयोजना हुनेछन् ।**

यस भूमिकाको लागि खोजी र मूल्याङ्कन समितिले चयन गरेको व्यक्तिले *Physical Plant* विभागको यी पाँच बेग्ला बेग्लै क्षेत्रहरूमा क्याम्पस सेवाको नेतृत्व गर्नेछन्:

- क्याम्पस नवीकरण सेवाहरू (Campus Renovation Services)
- परिसर व्यवस्थापन (Facilities Management)
- मर्मत र सञ्चालन (Operations and Maintenance)
- सेवाहरू (Services)
- बिजुली, पानी, आदि जनोपयोगी सेवा र ऊर्जा व्यवस्थापन (Utilities and Energy Management)

सुपरभाईजरको अनुमतिका साथ बैठकहरूमा उपस्थित हुन कर्मचारीहरू तलब पाउने तरिकाले उपस्थित हुन सक्नुहुनेछ (यदि प्रस्तुति कर्मचारीहरूको सामान्य कामको समयमा आयोजना भएमा) ।

*सार्वजनिक प्रस्तुतिहरूमा भाषा अनुवादन सेवा हुनेछैनन् तर प्रत्येक उम्मेदवारहरूको लिखित बयानहरू अनुवाद गरिनेछ । उम्मेदवारहरूलाई आफ्नो पृष्ठभूमि, अनुभव र यस कार्यपदमा रुचिको संक्षिप्त सारांश प्रदान गर्न भनियो ।.*

**उम्मेदवारहरूलाई यी कुराहरूको बारेमा बताउन सोधियो:**

- वहाँहरूको पृष्ठभूमि यस कार्यपदसँग सान्दर्भिक अनुभवहरू र यस कार्यपदप्रतिको रुची ।
- वहाँहरूको ग्राहक सेवा प्रतिको दृष्टिकोण र सिद्धान्त ।
- वहाँहरूले FP&M को रणनीतिक लक्ष्यहरूसँग पङ्क्तिबद्ध भएर Physical Plant टोलीलाई कसरी निर्माण र संलग्न गराउनु हुनेछ ।

Facilities Planning & Management
UNIVERSITY OF WISCONSIN–MADISON

उम्मेदवारको नाम र बायोडाटाहरू हरेक बैठकको अघि

**go.wisc.edu/physical-plant**

वेबसाईटमा राखिनेछ ।

**प्रत्यक्ष सहभागिताको दृढतापूर्वक प्रोत्साहन गरिन्छ** तर अन्लाईन उपस्थितिको लागि प्रस्तुतिको दिन *Teams* को लिङ्क उपलब्ध हुनेछ ।